# ज्येष्ठ नागरिक पोशाक वितरण कार्यविधि, २०७४

# तुलसीपुर उपमहानगरपालिका

## तुलसीपुर उपमहानगरपालिका दाङ

## ज्येष्ठ नागरिक पोशाक वितरण कार्यविधि , २०७४

### प्रस्तावना

तुलसीपुर उपमहानगरपालिका भित्र वसोवास गर्ने ज्येष्ठ नागरिहरूलाई सम्मान स्वरूप न्यानो कपडा वितरण गर्नाले उनीहरूप्रतिमा सम्मान प्रकट भएको ठहर्छ । सम्पुर्ण जीवन यही ठाउँको लागि लगाएका ज्येष्ठ नागरिकलाई उपहार स्वरूप न्यानो कपडा वितरण गर्नु उनीहरू प्रतिको सच्चा सम्मान हो । "ज्येष्ठ नागरिकको सम्मान, तुलसीपुरको स्वाभिमान" भन्ने सोचलाई मुर्तता दिनका लागि यो कार्यविधि निर्माण गरिएको हो । ज्येष्ठ नागरिकलाई सम्मान प्रकट गर्नु उनीहरूप्रति हाम्रो दायित्व पनि हो । यस दायित्वलाई मनन गरेर तुलसीपुर उपमहानगरपालिकाले नीति तथा कार्यक्रममा नै समावेश गरेर पोशाक वितरणको कार्यलाई अगाडि वढाउन लागेको हो । उनीहरूलाई पोशाक वितरणसँगै उनीहरूका अनुभव आदानप्रदान गरेर पुस्तान्तरण कम गर्नका लागि पनि यसले महत्वपुर्ण भुमिका प्रदान गर्नेछ । तुलसीपुर उपमहानगरपालिकाको मिति २०७४ कात्तिक १९ गते कार्यपालिकाको वैठकले " ज्येष्ठ नागरिक पोशाक वितरण " कार्यविधि पारित गरिएको छ ।

परिच्छेद : १

प्रारम्भिक

१. नाम र प्रारम्भ

क. यो कार्यविधिको नाम "ज्येष्ठ नागरिक पोशाक वितरण कार्यविधि, २०७४ " रहेको छ ।

ख. यो कार्यविधि तुलसीपुर उपमहानगरपालिकाका १९ वटै वडामा तुरून्त लागु हुनेछ ।

२. परिभाषाः

विषय या प्रसंगले अर्को अर्थ नलागेमा

क. **उपमहानगरपालिका** भन्नाले तुलसीपुर उपमहानगरपालिका सम्झनु पर्नेछ ।

ख. ज्येष्ठ नागरिक भन्नाले ८४ वर्ष पार गरेको नेपाली नागरिक भन्ने सम्झनु पर्नेछ ।

ग. **"वडा कार्यालय"** भन्नाले तुलसीपुर उपमहानगरपालिका अन्तर्गतका वडा कार्यालयहरू भन्ने सम्झनुपर्छ ।

**३. कार्यविधिको उद्देश्य :**

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) ज्येष्ठ नागरिकको सम्मान गर्ने

(ख) ज्येष्ठ नागरिकका अनुभवहरू आदान प्रदान गर्ने ।

(ग) नयाँ र पुराना पुस्ताका विचमा अनुभव आदान प्रदानसँगै पुस्तान्तरण कम हुँदै जानेछ ।

घ) आम

## परिच्छेद :– २

**४ . कार्यविधि कार्यान्वयन प्रक्रिया :**

ज्येष्ठ नागरिक पोशाक वितरण कार्यविधि , २०७४ निम्नानुसार कार्यान्वयन हुनेछ ।

क) तुलसीपुर उपमहानगरपालिकाको स्थायी वासिन्दा हुनुपर्दछ ।

ख) २०७४ असोज मसान्त सम्ममा ८४ वर्ष पुरा भएको हुनुपर्नेछ ।

ग) उमेरको निर्धारण नागरिकता या अन्य प्रामाणिक सरकारी निकायबाट उपलब्ध कागजातको आधारमा हुनेछ । नियमित रूपमा घरको छानोमा वसोवास गर्दै आएकाहरूलाई मात्रै टिन उपलब्ध गराइनेछ ।

घ) रू २५०० बराबरको पोशाक वितरण गरिनेछ ।

ङ) प्रत्येक ६ महिनामा युवा र ज्येष्ठ नागरिक बीच अनुभव आदान प्रदान गरिनेछ र ज्येष्ठ नागरिकबाट अनुभव लिइनेछ

च) ८४ वर्ष पुरा भएका हरेक नागरिकलाई प्रत्येक आर्थिक वर्षमा एक पटकमा पोषाक वितरण गरिनेछ ।

छ) ज्येष्ठ नागरिहरूले वडाको सिफारिसमा तुलसीपुर उपमहानगरपालिकाबाट पोषाक पाउनेछन् ।

ज) ज्येष्ठ नागरिहरूको विशेष ज्ञान र सीपको अनुभव आदान प्रदान गरिनेछ ।

झ) दलित, अल्पसंख्यकको हकमा ८० वर्ष पुरा गरेकोले यो अनुदान पाउनेछन् ।